# त्रिपुरासुन्दरी नगरपालिका

त्रिपुराकोट बगर, डोल्पा

# वार्षिक नीति तथा कार्यक्रम

आ.ब. २०७४।७५

२०७४ साल आषाढ ३० गते

०/८

यस त्रिपुरासुन्दरी नगरपालिकाको गरिमामय एवम सम्मानित प्रथम नगरसभाको नीति,कार्यक्रम तथा बजेट घोषणा सभाका अध्यक्ष एवं नगरपालिका प्रमुख ज्यु

नगर कार्यपालिका तथा नगरसभाका सदस्य ज्यु

जिल्ला स्थित राजनितीक दलका प्रमुख तथा प्रतिनिधीहरु

पत्रकार तथा सुरक्षा निकायका प्रमुखहरु

बुद्दिजीबी तथा नागरिक समाजका प्रमुख तथा प्रतिनिधिहरु

आदर्णिय पार्षदहरु

म सर्वप्रथम यो नगर सभाबाट त्रिपुरा सुन्दरी नगरको नीति तथा कार्यक्रमको औपचारिक प्रस्तुतीकरण भन्दा अगाडि हाम्रो देश नेपालको ऐतिहासिक प्रजातन्त्र,संसदिय प्रणालि,लोकतन्त्र हुदै गणतन्त्र स्थापनार्थ जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाउन आफनो ज्यान अर्पण गर्ने ती ज्ञात अज्ञात सपुत सहिदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस नगरपालिकाको नीति,कार्यक्रम तथा बजेट घोषणा सभालाई ओजपुर्ण,समावेशी,सहभागितामुलक र सफल बनाउन पाल्नु हुने अतिथिहरुमा नगरकार्यपालिकाको तर्फबाट हार्दिक आभार ब्यक्त गर्न चाहान्छु ।

१९वर्षपछि नेपाली जनताले आफनो लागि आफुद्धारा आफनो शासन आफै गर्न पाएका छौ । नेपाली जनतामा रहेको सार्वभौमसत्ताको अभ्यास, अनुशरण र दिर्घकालिन उपयोग गर्न नेपालको संबिधान २०७२ जारी भएपछि लामो समयदेखि स्थानीय निकायमा जनप्रतिनिधि विहिन अबस्थाबाट हामी मुक्त भएका छौ ।नेपालको संविधान २०७२ ले ७४४ गाउंपालिका तथा नगरपालिका कायम गरेको छ ।जसमा त्रिपुरा सुन्दरी नगरपालिका पनि एक हो । १९ वर्ष देखि आम नेपाली जनताको प्रतिक्षामा रहेको स्थानीय निकायको निर्वाचन संबैधानिक रुपमा संरचनात्मक परिवर्तन पछि स्थानीय तहको रुपमा दुई चरण गरेर सम्पन्न भयो । स्थानीय तह जो आफैमा कार्यपालिका, ब्यवस्थापिका र

न्यायपालिकाको संबैधानिक हैसियत प्राप्त गरेर जनताको घरदैलोमा सिँहदरबारको अधिकार भेटिने गरी आयो । यस्तो जनतामुखि संरचंना तयार गर्न सकेकोमा दोश्रो पटकको निर्वाचित संबिधान सभालाई धन्यवाद दिन चाहान्छौ ।

२०७४ साल बैशाख ३१ गते सम्पन्न भएको पहिलो निर्वाचनबाट आज हामी त्रिपुरासुन्दरी नगरपालिकामा स्थानीय सरकारको रुपमा रही यो कार्यक्रममा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै हर्षविभोर भएका छौ । संरचनागत र अधिकारमै मुलभुत रुपमै परिवर्तन भएर आएको स्थानीय तह जो संविधानले नै स्थानीय सरकारको हैसियतमा राखि दिएको छ । जो गाउँ गाउँमा सिँहदरबार भएर उभिएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो ।अधिकार, बजेट, श्रोतसाधन,उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा हस्तान्त्रण भई तल्लो निकायलाई अधिकार सम्पन्न बनाउने प्रयास गरिएको छ जुन जनताको पक्षमा र स्वागत योग्य छ । देशलाई यो स्थितिमा पु-याउन आफनो जीवन बलिदान गर्ने सम्पुर्ण महान शहिदहरु,जनआन्दोलनका घाइतेहरु र द्धन्दपिडितहरु सबैलाई सम्मान गर्दछौ ।

उपस्थित सम्पुर्ण पार्षदहरु

अब म त्रिपुरासुन्दरी नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

१.विगत १९ वर्षदेखि रिक्त स्थानीय निकायको निर्वाचन भई जनप्रतिनिधि विहिनको अबस्था अन्त्य भएको छ । अबका दिनमा यस त्रिपुरासुन्दरी नगरपालिकाको स्थानीय सरकारले विकट भौगोलिक अबस्थितिमा रहेको यहाँका सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने खालका योजना तर्जुमा गर्ने, स्थानीय जनतालाई योजना तर्जुमा साथै योजना कार्यन्वयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारित यस क्षेत्रको माटो सुहाउँदा कार्यक्रम तथा विकास गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको चरम गरिवी न्युनिकरण गर्ने प्रमुख नीति लिइएको छ ।

२,डोल्पा जिल्ला राष्ट्रिय सडक सञ्जालमा नजोडिएको जिल्ला भएता पनि यस त्रिपुरासुन्दरी नगरपालिकाको वडा नं ५ लाई कच्ची सडकले छोएको र निकट

भविष्यमा नै ल्हाँको खदाङ्गसम्मको सडक सञ्चालनमा आउने भएको छ भने सिरीविन्दे भिर,चिप्ले भिर,सिउरेनीमा नेपाली सेनाको नेतृत्वमा तिव्र गतिमा सडकको निर्माण कार्य भइरहेको र दुई वर्षभित्र त्रिपुराकोट बगरसम्म सडक सञ्जालले जोडिने कुरा अबगत गराउँन चाहान्छौ । नगरपालिका क्षेत्रका सडक निर्माण,विस्तार,स्तरवृदि र अन्य पुर्वाधारको कामका लागि आफ्नो डोजर खरिद गर्ने ब्यबस्था मिलाएको छ ।

३.सामुदायिक विध्यालयको शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक,विध्यार्थीको नियमितता,प्रभाबकारी शिक्षण सिकाई र प्रविधिको प्रयोग र प्रत्येक वडामा स्वस्थ्य परिक्षण केन्द्र स्थापना गरेर महिनाको एक पटक गाउँमै सेवा दिने र आय आर्जनका लागि स्याउ,अँगुर,ओखर,अनार लगायत फलफुलको ब्यबसायिक खेती विस्तार गर्ने योजना रहेको छ ।

४.सडक,शिक्षा,स्वास्थ्य,खानेपानी,विधुतिकरण,पर्यटकिय स्थलमा पुर्वाधार निर्माण लगायतको योजनालाई प्राथमिकता दिइएको छ । प्रत्येक वडाको संभावनाका आधारमा एक गाउँ एक उत्पादन कृषि कार्यक्रम सञ्चालन गर्ने योजनाहरुलाई प्राथमिकता दिने ब्यबस्था गरिएको छ ।

५.यस नगरपालिकामा पर्ने मसिनाचौर पाहाडा विमानस्थलको स्तर उन्नती गर्ने कार्य तिव्र गतिमा अगाडि बढेको छ । यस विमानस्थललाई ब्यबस्थित गरी तत्काल सञ्चालनमा ल्याई आम नागरिकहरुलाई सुर्खेत-पाहाडा,नेपालगञ्ज-पाहाडा हवाईयात्रालाई सस्तो,सरल र भरपर्दो बनाउन आबश्यक कदम चालिनेछ ।

६.यस त्रिपुरा सुन्दरी नगरपालिकामा स्याउ,आलु,फाफर,सिमी लसुन, र कृषि अन्न बालीहरु उत्पादनका लागि प्रचुर संभावना रहेको छ तर खेती योग्य जमिन बाँझो छ भने खेतीपाती गर्ने प्रचलनमा ह्रास आएको छ । यसलाई निरुत्साहित गरी कृषिमा उत्पादन बढाउन आधुनिक कृषि औजारको प्रयोग,स्थानीय घरेलु तथा साना उद्योगमा जोड दिई बजार ब्यबस्थापनमा जोड दिईनेछ । जग्गाको वर्गिकरण गरी खेती प्रणालीको लागि अनुसन्धान गरिनेछ । जग्गा बाँझो राख्नेलाई आबश्याक सचेत गराई सो जग्गा सामुहिक खेती

गर्नको लागि आबश्यक सुविधा सहित प्रयोगमा ल्याईनेछ । जनताको खाद्य सुरक्षाको अधिकारलाई सार्थकता दिन यस क्षेत्रमा नेपाल सरकारले दिदै आएको खाद्यन्न अनुदानको कोटालाई बढाउन र त्यसमा गुणस्तर कायम गर्ने तर्फ पहल गरिनेछ । यस क्षेत्रका आम जनताका लागि नियमित जुफाल खाद्य गोदामबाट वितरण गरिदै आएको कार्यलाई अबिलम्ब रुपमा त्रिपुराकोट बगरबाट खाद्यान्न वितरण गरिने ब्यबस्था मिलाईनेछ ।

७.उर्जा विकासको महत्वपुर्ण पुर्वाधार हो ।यस नगरपालिका क्षेत्रभित्र अब्यबस्थित र छरिएर रहेको लोका साना जलविद्युत त्रिपुराकोट,खाली छहारा साना जलविद्युत पाहाडा र पालाँगको साना जलविद्युतलाई एकिकृत गरी सम्पुर्ण ११ वटै वडा बस्तिमा बत्ती पुरयाउन उज्यालो कार्यक्रम र्संचालन लागि कदम चालिनेछ ।

८.सौर्य बत्ती तथा सुधारिएको चुलोको प्रयोगमा ब्यपकता आएको छ जुन स्वागतयोग्य छ, वातावरण मैत्री उर्जाको प्रयोग मार्फत यस नगरपालिकालाई समृद बनाउन प्रयासरत सम्पुर्ण दातृ संस्था, नेपाल सरकार, कर्णाली उज्यालो कार्यक्रम, यस क्षेत्रका सम्पुर्ण जनता तथा सरोकारवालाहरुलाई आभार ब्यक्त गर्न चाहान्छु । आगामी दिनमा समेत विपन्न जनताहरुलाई सौर्यवत्ती वितरण गर्ने, धुवारहित सुधारिएको चुलो वितरण गर्ने सो सम्बन्धमा सम्बन्धित निकायमा पहल कदम चालिनेछ ।

९.नगरपालिका भित्रका जनतालाई सुरक्षित खानेपानीको प्रबन्ध मिलाउनका लागि पहल गरिनेछ । हाल नगरपालिका क्षेत्रभित्र अलपत्र तथा खेर गइरहेको श्रोतलाई ब्यबस्थित गरिनेछ । खानेपानी अभाब भएका बस्तीहरुमा स्वच्च खानेपानीको सुविधा उपलब्ध गराउन खानेपानी आयोजनाहरु सञ्चालन गरिनेछ । साविक खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालय मार्फत सञ्चालनमा रहेका बहुबर्षिय आयोजनाहरुलाई तोकिएकै समयमा सम्पन्न गर्न थप पहल गरिनेछ । फोहोर मैला ब्यबस्थापन गर्ने, खानेपानी शुद्धिकरण गरेर मात्र पिउने,सरसफाईमा ध्यान दिने संस्कारको विकास गर्ने कार्यका लागि ठोस कार्यक्रहरु ल्याइनेछ ।

१०.यस त्रिपुरा सुन्दरी नगरपालिका क्षेत्रभित्र रहेको महत्वपुर्ण जडिबुटी यार्सागुम्बा संकलन कार्यलाई ब्यबस्थित गर्ने तर्फ पहल गरिनेछ । यसमा लगाइने प्रवेश शुल्कमा नगर क्षेत्र भित्र, डोल्पा जिल्ला र जिल्ला बाहिरका गरी तीन तहमा विभाजन गरी नगरपालिकाले नै प्रवेश शुल्क उठाइने ब्यबस्था गरिनेछ । यार्सागुम्बा संकलन गर्न जाने ब्यक्तिहरुको सुरक्षा,स्वस्थ्योपचार सञ्चालन गरिनेछ । यस क्षेत्रमा पाइने महत्वपुर्ण तथा बहुमुल्य जडिबुटिहरुको संकलन,प्रशोधन,र बजारिकरणका लागि विभिन्न निकायसंग सहकार्य र समन्वय गरी उचित व्यब्स्था गर्ने तर्फ ध्यान दिइनेछ ।

११.यस नगरपालिका भित्र १ स्नातक तहको क्याम्पस,३२ वटा सामुदायिक विद्धायलय र १निजि विद्यालय रहेको छ। शिक्षा नै विकासको मेरुदण्ड भएकाले शिक्षाको विकास विना समाज र राष्ट्रको परिवर्तन असंभब भएकाले शिक्षा क्षेत्रलाई विशेष जोडका साथ प्राथमिकतामा राखिएको छ ।यसका लागि कलेज तथा विद्धयालयको भौतिक,शैक्षिक तथा आर्थिक पक्षमा सहयोग गर्ने ब्यबस्था मिलाएको छ । विद्धयालयको पुर्वाधार विकास, वैदेशिक अनुदानलाई नगरपालिका मार्फत ल्याइनेछ ।,शिक्षकको पेशागत हकहित लाई उच्च मुल्यांकन गर्दै शिक्षकमा देखिएको बिभेदलाइ अन्तय गरि राहत शिक्षकहरुको सेवा सुविधालाई नितीगत रुपमा कार्यान्वन गर्न पहल गरिनेछ साथै कामप्रतिको प्रतिवद्धतामा वृद्धि गरी शिक्षा क्षेत्रमा गुणात्मक परिवर्तन गरिनेछ ।
१२.जब जहाँका जनता स्वस्थ हुन्छन तब त्यस ठाउँको विकास छिटो हुन्छ भन्ने मान्यतालाई आत्मसाथ गर्दै यस क्षेत्रमा स्वास्थ सेवा अभिवृद्धि गर्नेतर्फ पहल गरिनेछ । यस क्षेत्र भित्रका स्वास्थ्य चौकी, वर्थिङ्ग सेन्टरलाई सुविधायुक्त र ब्यबस्थित बनाउदै थप स्वस्थ चौकी स्थापना गर्नका लागि पहल गर्नुका साथै स्वास्थ्य कर्मीको बसाईलाई टिकाई राख्न उचित कार्यक्रमहरु सुरुवात गरिनेछ । नेपाल सरकारको नागरिक स्वास्थ्य कार्यक्रम,म स्वस्थ मेरो नगरपालिका स्वस्थ कार्यक्रहरुलाई अगाडि ल्याइनेछ । नगरपालिकालाई पुर्ण खोपयुक्त, पुर्ण सरसफाईयुक्त घोषणा गरी बाल मृत्युदर तथा मातृ मृत्युदर घटाउन महिला स्वास्थ्य स्वयम सेविकाहरु परिचालन, ग्रामिण स्वास्थ्य कार्यकर्ताहरु परिचालन गरिनेछ । युवा युवतीहरुका लागि यौन तथा एच,आइ,भि,एडस् शिक्षा,सरुवा रोगहरुको नियन्त्रणका लागि प्रचारप्रसार लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने

व्याक्तिहरुको विवरण अद्यावधिक गरि सामाजिक सुरक्षा भत्तालाई घरदैलोमा उपलब्ध गराउने ब्यावस्था मिलाईनेछ।

१३.यस नगरपालिका क्षेत्र भित्र आगामी वर्षमा नेपाल राष्ट्र बैंकको नीति तथा देशका सम्पुर्ण स्थानीय तहमा वित्तिय संस्था खोल्ने सरकारको घोषणालाई कार्यान्वयनमा ल्याउन सहजिकरण गरिनेछ साथै नगर क्षेत्रमा विभिन्न समुह मार्फत वचत गर्ने बानी बसाल्ने, ऋण लिएर लगानी गर्ने ऋण समयमा चुक्ता गर्ने बानी ब्यबहारमा सुधार ल्याई आर्थिक विकासमा टेवा पु-याई गरिबी न्युनिकरण गर्न सकिनेछ । बचत वृद्धि, पुँजी निमार्ण, ऋण परिचालन मार्फत आम जनताको जीवनस्तरमा सुधार गर्ने तर्फ पहल गरिनेछ ।

१४.यस त्रिपुरा सुन्दरी नगरपालिकाले आफै र आफ्नो मातहतका कार्यालयहरुबाट प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुनासो ब्यबस्थापन, सार्वजनिक सुनुवाई,सामाजिक परिक्षण, नागरिक वडापत्र, सुचनाको हकको प्रत्याभुति, पारदर्शिता,जवाफदेहिता,भष्टाचार निवारण लगायतका कार्यहरुमार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिदै लगिनेछ ।

१५.यस त्रिपुरासुन्दरी नगरपालिका क्षेत्र भित्र काम गर्ने राष्ट्रसेवक निजामति,शिक्षक,कर्मचारीहरुलाई काम गर्ने वातावरण सृजना गरिनेछ । यस क्षेत्रमा कर्मचारी सधैं बस्ने,नगरबासीको पिरमर्का सुन्ने, जनतालाई सेवाभाव जागृत गराउने र नगरपालिकाको निर्णयलाई अक्षरस :कार्यान्वयनमा ल्याउनका लागि तत्पर हुने अबस्थाको सिर्जना हुने वातावरण मिलाइनेछ । विकट हिमाली क्षेत्रमा आई काम गर्ने राष्ट्रसेवक कर्मचारीहरुलाई यथाशक्या प्रोत्साहन भत्ताको व्यबस्था मिलाउने तर्फ पहल गरिनेछ ।

१६.राष्ट्र विकासको पहरेदारको रुपमा रहेको युवा शक्ति यस नगरक्षेत्रका युवाहरुमा बेराजगारीको दर उच्च छ, सक्रिय जनसंख्याको हिस्सा उच्च हुदाँ पनि युवा जनशक्तिलाई रोजगारी प्रदान गर्न नसकिदा एकातिर गरिबी न्युनिकरण हुन सकिरहेको छैन भने अर्कोतर्फ उपलब्ध श्रोत साधनको समुचित परिचालन हुन नसकेको तीतो यथार्थ हाम्रो सामु छ । युवाहरुलाई उपलब्ध श्रोत साधनको परिचालन गरी रोजगारी सिर्जना मार्फत गरिबी न्युनिकरण गर्ने,

युवाहरुलाई सिर्जनात्मक कार्यहरुमा उत्प्रेरित गर्ने, खेलकुदतर्फ प्रोत्साहन गर्ने खालका युवा लक्षित कार्यक्रमहरु ल्याइनेछ ।

१७.जलवायु परिवर्तनको प्रत्यक्ष प्रभावले यस नगर क्षेत्रका बस्तिहरुमा बाढी,पहिरो भुक्षय जस्ता प्राकृतिक प्रकोपका कारण यहाँको बस्तीलाई अति जोखिम अबस्थामा पुराएको छ । उक्त जोखिमबाट बच्नका लागि आय आर्जन लक्षित बनस्पतिहरुको नर्सरी स्थापना र वृक्षारोपण कार्यक्रमलाई विशेष प्राथमिकता दिईएको छ । प्राकृतिक प्रकोपसँग जुध्न सक्ने खालका कार्यक्रम सञ्चालन गर्ने,नदी नियन्त्रण,पहिरो नियन्त्रण,जलाधार संरक्षण,फोहोर मैला व्यबस्थापन,जल उत्पन्न प्रकोप नियन्त्रण लगायतका बिषयलाई महत्वका साथ कार्यान्वयन गरिने छ ।

१८.यस त्रिपुरा सुन्दरी नगरपालिका भित्र रहेको कला संस्कृति धार्मिक परम्पराहरु सांस्कृतिक धरोहरका रुपमा रहेका चाडपर्वहरुको संरक्षण,संर्वद्धन गर्न र मठ मन्दिरहरुको मर्मत संहारमा विशेष ध्यान दिइनेछ ।

१९.यस नगरपालिकाको लागि त्रिपुराकोट बगरको उचित स्थानमा जग्गा निशुल्क उपलब्ध गराउने भुमि तथा जग्गा दाताहरु श्री हेमराज हमाल,श्रीमती कमला हमाल , श्री टंक प्रसाद उपाध्याय र रमानन्द उपाध्यायलाई सम्मान गर्ने,र वहाँहरुको नाम शिलालेखमा उल्लेख गर्ने ब्यबस्था मिलाइने छ। नगरमा आधुनिक भवन निर्माण गर्न,सडकलाई फराकिलो पार्न,भवन निर्माण आचारसंहिता,२०७२ लागु गरिने छ ।

२०.यस त्रिपुरा सुन्दरी नगरपालिकाको वडा स्तर तथा विषयगत समितिमा छलफलमा आएका जनताले छनोट गरि पठाएका तर सीमित श्रोत साधनको उपलब्धताको कारण बजेट विनियोजन गर्न नसकिएका आयोजनाहरुलाई योजना बैंकमा समाबेश गरी थप बजेट उपलब्ध भएमा प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । नगरपालिकाको ११ वटै वडा कार्यालयहरुमा भवन निर्माणका लागि जोड दिइएको छ ।

युवाहरुलाई सिर्जनात्मक कार्यहरुमा उत्प्रेरित गर्ने, खेलकुदतर्फ प्रोत्साहन गर्ने खालका युवा लक्षित कार्यक्रमहरु ल्याइनेछ ।

१७.जलवायु परिवर्तनको प्रत्यक्ष प्रभावले यस नगर क्षेत्रका बस्तिहरुमा बाढी,पहिरो भुक्षय जस्ता प्राकृतिक प्रकोपका कारण यहाँको बस्तीलाई अति जोखिम अबस्थामा पुराएको छ । उक्त जोखिमबाट बच्नका लागि आय आर्जन लक्षित बनस्पतिहरुको नर्सरी स्थापना र वृक्षारोपण कार्यक्रमलाई विशेष प्राथमिकता दिईएको छ । प्राकृतिक प्रकोपसँग जुध्न सक्ने खालका कार्यक्रम सञ्चालन गर्ने,नदी नियन्त्रण,पहिरो नियन्त्रण,जलाधार संरक्षण,फोहोर मैला ब्यबस्थापन,जल उत्पन्न प्रकोप नियन्त्रण लगायतका बिषयलाई महत्वका साथ कार्यान्वयन गरिने छ ।

१८.यस त्रिपुरा सुन्दरी नगरपालिका भित्र रहेको कला संस्कृति धार्मिक परम्पराहरु सांस्कृतिक धरोहरका रुपमा रहेका चाडपर्वहरुको संरक्षण,संर्वद्धन गर्न र मठ मन्दिरहरुको मर्मत संहारमा विशेष ध्यान दिइनेछ ।

१९.यस नगरपालिकाको लागि त्रिपुराकोट बगरको उचित स्थानमा जग्गा निशुल्क उपलब्ध गराउने भुमि तथा जग्गा दाताहरु श्री हेमराज हमाल,श्रीमती कमला हमाल , श्री टंक प्रसाद उपाध्याय र रमानन्द उपाध्यायलाई सम्मान गर्ने,र वहाँहरुको नाम शिलालेखमा उल्लेख गर्ने ब्यबस्था मिलाइने छ। नगरमा आधुनिक भवन निर्माण गर्न,सडकलाई फराकिलो पार्न,भवन निर्माण आचारसंहिता,२०७२ लागु गरिने छ ।

२०.यस त्रिपुरा सुन्दरी नगरपालिकाको वडा स्तर तथा विषयगत समितिमा छलफलमा आएका जनताले छनोट गरि पठाएका तर सीमित श्रोत साधनको उपलब्धताको कारण बजेट विनियोजन गर्न नसकिएका आयोजनाहरुलाई योजना बैंकमा समाबेश गरी थप बजेट उपलब्ध भएमा प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । नगरपालिकाको ११ वटै वडा कार्यालयहरुमा भवन निर्माणका लागि जोड दिइएको छ ।

२१.यस त्रिपुरा सुन्दरी नगरपालिकाका पदाधिकारीहरुको सेवा सुविधाको लागि आन्तरीक स्रोतको व्यावस्था गरी उपलब्ध गराईने व्यावस्था मिलाईने छ ।

२२.यस नगरपालिकाको निति,कानुन ,मापदण्ड ,निर्णयहरु कार्यान्यनमा सहयोग गर्न, सम्पत्तिको संरक्षण गर्न नगरपालिकामा हुने सभा समारोह,परम्परा तथा जात्रा ,चाड पर्वको व्यावस्थापनमा सहयोग गर्न, नगर बस्ती सरसफाई सम्बन्धि मापदण्डको कार्यान्यन र कसुर उपर छानविन र अनुसन्धान गर्न , स्थानिय न्यायीक समितिको आदेश ,फैसला कार्यान्वयनमा सहयोग गर्न,अपाराध रोकथाम तथा अनुसन्धानमा सहयोग गर्न, कार्यालय परिसर, सम्पदा ,सार्वजनिक,ऐलानि पत्ति जग्गा,सार्वजनिक भवन तथा भौतिक पुर्वाधारको संरक्षण र सुरक्षा गर्न आवश्यक संख्यामा नगर प्रहरीको व्यावस्थापन गरिनेछ।

२३.आजको युग सुचना र संचारको युग हो। सुचना र संचार प्रविधिविना समृद्धिको परिकल्पना गर्न सकिदैन । नगरपालिका कार्यालय वरिपरिको क्षेत्र समेत संचारविहीन भएको लामो समय भइसकेको छ। जडान भइसकेका भिस्याट(VSAT)प्रविधिका अधिकांश टेलिफोन केन्द्रहरु चालु अवस्थामा छैनन्। जडान भएका टेलिफोनहरुलाई चालु अवस्थामा ल्याउनका लागि नेपाल टेलिकमसँग ताकेता गरिराखिएको छ। यस तर्फ कम्तीमा पनि एउटा वडामा एउटा टेलिफान जडान गर्ने तर्फ आवश्यक पहल कदमी गरिने छ।

२४.यस क्षेत्रमा रहेका दलित,अल्पसंख्यक, अपांग , महिला लगायत लक्षित वर्गका लागि सशक्तिकरण गर्ने खालका कार्यक्रमहरु ल्याइनेछ।

२५.यस त्रिपुरा सुन्दरी नगरपालिकामा ६०(साठी) वर्ष भन्दा माथिका जेष्ठ नागरिकलाई निशुल्क स्वास्थ्य उपचारका लागि त्रिपुराकोट स्वास्थ्य केन्द्रमा एउटा फार्मेशी संचालन गर्ने र सुत्तकेरी महिलाहरुलाई निशुल्क एक हप्ताको खाना र बस्नको लागि नितीगत रुपमा व्यावस्था गरिनेछ।

२६.आर्थिक वर्षको सुरुमा नै योजना बनाएर काम सुरु गर्ने र समयमा नै नगरपालिकाका कार्यक्रमहरु सम्पन्न गरिनेछ ।यसका लागि त्रिपुरा सुन्दरी नगरपालिकाको बजेट कार्यान्वयन वर्षको रुपमा मनाईनेछ ।

आदर्णिय उपस्थित महानुभावहरुमा अब म यस नगरपालिकाको आ.व.२०७४/२०७५ का लागि प्रस्तावित बजेट पेश गर्न अँनुमति चाहान्छु ।

आ.व. २०७४/२०७५ को नगरपालिकाको कुल प्रस्तावित बजेट रु २६( छब्बीस) करोड १९(उन्नाईस) लाख ९४(चौरानब्बे) हजार प्रस्तुत गरेको छु । जस मध्ये सर्सत अनुदान तर्फ रु ९नौं करोड ७९ उन्नअसि लाख ३० तिस हजार । चालु खर्च तर्फ रु ३ (तिन) करोड ७५ लाख ,पुजीगत खर्च तर्फ रु ११ (एघार) करोड २५ (पच्चीस) लाख, नगर ब्यबस्थापन तर्फ रु ४८ (अठचालिस) लाख र आन्तरिक श्रोतबाट रु ९२ बयाँनब्बे लाख ६४ (चौसट्टी) हजार रहेको छ ।

विनियोजित शिर्षक तर्फ

१. विभिन्न विषयगत कार्यालय तर्फ रु ९ (नौं) करोड ७९(उन्नअसि) लाख ३०( तिस) हजार

२. चालु खर्च तर्फ रु ३ (तिन) करोड ७५ (पचहत्तर) लाख

३. पुँजीगत विकास निर्माण तर्फ रु ७ (सात) करोड

४.संस्थागत क्षमता विकास तर्फ रु १ (एक) करोड

५. मानव संसाधन विकास तर्फ रु ५० (पचासँ) लाख

६.न्यायिक समिति ब्यावस्थापन तर्फ रु२ (दुई) लाख

७.आवास तथा कार्यालय ब्यावस्थापन तर्फ रु १२ (बाह्र) लाख ९८ (अन्ठानब्बे) हजार

८.बैठक ब्यावस्थापन तर्फ रु ४४ चवालीस लाख ५२ (बाउन्न) हजार

९.अवलोकन तथा भ्रमण भत्ता रु ३३ (तेतीस) लाख १४(चौध) हजार

१०. दैवि प्रकोप तथा भैपरि तर्फ रु १( एक) करोड २७ (सत्ताईस) लाख १६ ( सोह्र) हजार

११. डोजर खरिद तर्फ रु ७१ (एकहत्तर) लाख ४८ (अठचालिस) हजार

आदर्णिय उपस्थित महानुभावहरुमा अब म यस नगरपालिकाको आ.व.२०७४/२०७५ का लागि प्रस्तावित बजेट पेश गर्न अँनुमति चाहान्छु।

आ.व. २०७४/२०७५ को नगरपालिकाको कुल प्रस्तावित बजेट रु २६( छब्बीस) करोड १९(उन्नाईस) लाख ९४(चौरानब्बे) हजार प्रस्तुत गरेको छु। जस मध्ये सर्सत अनुदान तर्फ रु ९नौं करोड ७९ उन्नअसि लाख ३० तिस हजार। चालु खर्च तर्फ रु ३ (तिन) करोड ७५ लाख ,पुजीगत खर्च तर्फ रु ११ (एघार) करोड २५ (पच्चीस) लाख, नगर ब्यबस्थापन तर्फ रु ४८ (अठचालिस) लाख र आन्तरिक श्रोतबाट रु ९२ बयाँनब्बे लाख ६४ (चौसट्टी) हजार रहेको छ।

विनियोजित शिर्षक तर्फ

१. विभिन्न विषयगत कार्यालय तर्फ रु ९ (नौं) करोड ७९(उन्नअसि) लाख ३०( तिस) हजार

२. चालु खर्च तर्फ रु ३ (तिन) करोड ७५ (पचहत्तर) लाख

३. पुँजीगत विकास निर्माण तर्फ रु ७ (सात) करोड

४.संस्थागत क्षमता विकास तर्फ रु १ (एक) करोड

५. मानव संसाधन विकास तर्फ रु ५० (पचासँ) लाख

६.न्यायिक समिति ब्यावस्थापन तर्फ रु२ (दुई) लाख

७.आवास तथा कार्यालय ब्यावस्थापन तर्फ रु १२ (बाह्र) लाख ९८ (अन्ठानब्बे) हजार

८.बैठक ब्यावस्थापन तर्फ रु ४४ चवालीस लाख ५२ (बाउन्न) हजार

९.अवलोकन तथा भ्रमण भत्ता रु ३३ (तेतीस) लाख १४(चौध) हजार

१०. दैवि प्रकोप तथा भैपरि तर्फ रु १( एक) करोड २७ (सत्ताईस) लाख १६ ( सोह्र) हजार

११. डोजर खरिद तर्फ रु ७१ (एकहत्तर) लाख ४८ (अठचालिस) हजार

१२.विविध/अन्य  रु ७६ (छयात्तर) लाख ३६ (छत्तिस) हजार .

नेपाल सरकारबाट प्राप्त हुने कार्यक्रम तथा बजेट,विषयगत कार्यालयबाट कार्यक्रम तथा बजेट र गैरसरकारी संस्थालाई प्राप्त हुने कार्यक्रम तथा बजेट नगर सभाको यसै घोषणद्धारा पारित भई खर्च भएको मानिनेछ ।

धन्यवाद ।